# संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र रक्षाको आवश्यकता



मा. सिताकुमारी नेपाली *

२०७० सालमा जनताको सार्वभौमसत्ता सम्पन्न संसदमा सुर्खेती जनताको प्रतिनिधिको रूपमा शपथ ग्रहण गरी संविधानसभाबाट संविधान निर्माण गर्ने गरिमामय जिम्मेवारी पूरा गर्न संविधान मस्यौदा समितिको सदस्यको रूपमा नेपाली उत्पीडित, उपेक्षित, शोषित, पीडित र पछाडि पारिएका वर्ग, जाति, लिङ्ग र क्षेत्रको पक्षमा संविधानमा अधिकारहरू लेख्न सक्यौं । मौलिक हकलगायत समानुपातिक, समावेशी प्रतिनिधित्व, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्षता जस्ता विषय समावेश गर्यौं । मुलुकमा राजनीतिक स्थायित्व प्रदान गर्न संघीय लोकतान्त्रिक संविधान जारी गर्न सफल हुनु संविधान निर्माण गर्दाको ठूलो उपलब्धि हो । संविधान निर्माण गर्दै गर्दा विगतमा भएका संसद विघटनले राजनीतिक अस्थिरता बढ्ने हुँदा त्यसतर्फ संविधानसभाको गम्भीर ध्यानाकर्षण भएकै हो । संविधानको मर्म र शक्ति पृथकीकरणको सिद्धान्तअनुसार संसद आफैमा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नभएसम्म जनहित अपेक्षित ऐन, कानून र नीति निर्माण हुन सक्ने अवस्था आउँदैन । विगतको इतिहासदेखि आजसम्म कहींकतै कार्यपालिकाबाट व्यवस्थापिका निर्देशित हुने, आफू अनुकूल बनाउने क्रियाकलापहरुले प्रोत्साहन पाइरहेको आभास देख्न सकिन्छ । वर्तमान संसद विघटन भएको विषय न्यायलयको क्षेत्राधिकारभित्र प्रवेश गरिसकेकोले त्यस विषयमा खासै लेख्नुपर्ने कुराहरु नभए तापनि पूर्ण बहुमत प्राप्त सरकारले स्वयंलाई गठन गर्ने संसदलाई पूर्ण कार्यकाल पूरा गर्न नदिई विघटन गर्नु हाम्रो राजनैतिक अस्थिरताको संस्कृतिलाई निरन्तरता दिएको मान्न सकिन्छ । संविधानले संसद पाँच वर्ष चल्ने स्थिर संसदको परिकल्पना गर्‍यो । नेपालमा संविधानसभाबाट संविधान निर्माण भएपछि अब संसदले पूर्ण कार्यकालभरी काम गर्न पाउने अपेक्षा गरिएको थियो । तद्अनुरुप नेपाली जनता आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको महान् अभियानमा लाग्दै थिए। सरकारले सुखी नेपाली समृद्ध

---

* प्रमुख सचेतक, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

नेपालको जो नारा ल्याएको थियो त्यसले के विश्वास पलाएको थियो भने अब नेपाली जनताका प्रतिनिधिले बनाएको संविधान कार्यान्वयनको दिशामा देश अगाडि बढेको छ ।

संघीयतामा देश अगाडी बढ्यो, राजनीतिक स्थिरता र स्थायीत्वको लागि आर्थिक समृद्धि र विकासको बाटोमा अघि बढ्दै थियो देश । तीन तह संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूले संघीयताको मर्म अनुरूप आ-आफ्नो कामहरू बढाइरहेकै थिए । राज्यको मूल धारमा पछाडि पारिएका दलित, महिला, जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, सीमान्तकृतलाई संघीयताले समेटेको छ । संघ, प्रदेश र स्थानीय तहमा विशेष व्यवस्थासहित समानुपातिक समावेशी प्रतिनिधित्व भएको छ । विगतमा भएका नेपालका विभिन्न आन्दोलन र संघर्षमा यिनै पछि पारिएका समुदाय नै अग्र मोर्चामा थिए र संघीयता नै पछि पारिएका समुदायलाई बढी चाहिएको हो । शहीद, बेपत्ता, अपाङ्ग, घाइतेको बलिदानी र नेपाली जनताको श्रम पसिनाबाट प्राप्त भएको उपलब्धि नै गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समानुपातिक समावेशी सिद्धान्तमा प्रतिनिधित्व हो । सिंहदरवारको अधिकार जनताको घरदैलोमा ल्याउन जुन बलिदानी भयो त्यसको परिणाम तीन तहको सरकार भएको हो । वर्तमान राजनैतिक अस्थिरता र अन्यौलताले हाम्रो राजनीतिक परिवर्तनको संस्थागत दिशा कता मोडिएला भन्ने आम जनताको चिन्ताको विषय हुनु स्वभाविकै लाग्छ ।

संवैधानिक रूपमा प्रदेश र स्थानीय तहहरूको निर्माण भएको हो । यसलाई अझ बलियो र मजबुद बनाउन स्थायित्व दिनको लागि पनि संविधानको रक्षा, गणतन्त्रको रक्षा आवश्यक छ । संविधानतः वा कानूनीरूपमा संसद विघटन नै भएको छैन तर विदेशी शक्ति केन्द्रको चलखेल देखा परिरहेको छ भन्ने आम धारणाहरु पनि आइरहेका छन् । हामी स्वाभिमानी नेपालीहरुले भावनामा बहकिएर काल्पनिक विषयवस्तुको पछि लाग्नु भन्दा पनि देशको राजनीतिक, सामाजिक, आर्थिक अवस्थालाई हेरेर दीगो शान्ति र विकासको लागि आत्मचिन्तन गर्नुपर्ने र मुलुकको सुखद् भविष्य हेरी बदलिँदो परिस्थितिमा एउटा साझा अवधारणा बनाउनु आवश्यक छ ।

गणतन्त्र, संघीयता लगायत सबै जात, धर्म, वर्ग, पेशा व्यवसायका आम नेपाली नागरिकहरुलाई संविधानप्रदत्त अधिकार संकटमा पर्ने गरी आउने प्रतिकूल परिस्थितिलाई संयमतापूर्वक सही बाटोमा लैजाने र संघीयता र गणतन्त्रको रक्षा गर्ने अभिभारा सबैको काँधमा आएको अवस्था छ अहिले । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान, संघीय व्यवस्था, प्रदेश संघीयताको पर्याय हो। प्रदेश बिना संघीयताको अर्थ छैन । प्रदेश र स्थानीय तहकै कारण जनताको घरदैलोमा शासन पुगेको हो । संघीयताकै कारण समानुपातिक, समावेशी प्रतिनिधित्व सुनिश्चित भएको छ । राज्यका महत्वपूर्ण अङ्गमा दलित महिलालाई उचित स्थान प्राप्त भएको छैन । त्यसैले व्यक्ति खराब हुन्छ, प्रणाली खराब

हुँदैन । हाम्रो प्रयत्न संघीयता र गणतन्त्रको संरक्षणको लागि हो । लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था रहे पो संविधान र सुशासन रहन सक्छ । यो संविधान जनताको प्रतिनिधिमूलक संस्था संविधानसभाबाट निर्माण भएको हो । संविधानको अनुसूचीमै राखेर प्रदेश, स्थानीय तहसम्म अधिकार विकेन्द्रीकरण गरिएको छ । ठीक ढंगले अधिकारको सदुपयोग गरौं । कानून निर्माण भएका छन्, विकासले गति लिँदैछन् । जनता गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको लागि जुटौं । केन्द्रको प्रभाव प्रदेशहरूमा पनि पर्दैछ । सरकार परिवर्तन होला संविधानतः प्रदेशको अस्तित्व धरापमा पर्ने स्थिति छैन, संघीयतालाई मजबुद बनाउन सबै एकजुट हुनुपर्ने अवस्था आइपरेको छ । प्रदेशलाई कमजोर पार्नु भनेको संघीयता नै कमजोर पार्नु हो । संघीयता कमजोर हुँदा दलित, महिला, जनजाति, मधेशी, थारू, मुस्लिम, सीमान्तकृत वर्ग समुदायको अधिकार र अस्तित्व नै कमजोर हुनु हो। त्यसैले सबै वर्ग, जाति, लिङ्ग र क्षेत्रको हितको रक्षाको लागि सबैको आपसी सहयोग र हातेमालोको आवश्यकता छ । संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नु आम नेपालीको कर्तव्य हो । यसमा सबै जुटौं, लागि परौं ।